स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता विराज भ ले केही वर्षयता नयाँ अभिनेत्रीहरूसँग सहकार्य गरिरहेका छन्। उनका अघिल्ला दुई फिल्म 'साइलो' र '१२ गाउँ'मा उनको जोडी नयाँ अभिनेत्रीसँग बाँधिएको थियो। आगामी फिल्म 'राम नाम सत्य' मा पनि उनले एक नयाँ अभिनेत्रीसँग काम गरेका छन्। फिल्मको उक्त गीत सार्वजनिक भएपछि विराजले नातिनी उमेरकी युवतीसँग रोमान्स गरेको भन्दै टिका-टिप्पणी भइरहेको छ।

**आजको विचार...**



प्रधान... (दुई पेजमा)

डा.गणेशप्रसाद घिमिरे



भारतीय वेब सिरिज 'द फ्यामिली म्यान'का निर्देशकद्वय राज-डीके र अभिनेता सलमान खानबीच नयाँ चलचित्रका लागि सहकार्य हुने भएको छ। पछिल्लो समय उनिहरुबीच फिल्मको कथावस्तु र निर्माणबारे निरन्तर छलफल भइरहेको भारतीय सञ्चार माध्यमहरूले जनाएका छन्। भारतीय सञ्चार माध्यम इण्डिया टाइम्सका अनुसार, प्रस्तावित फिल्म सन् २००८ को चर्चित अमेरिकी सुपर हिरो चलचित्र 'ह्यान्कक'बाट प्रेरित हुनेछ।

❒ वर्ष ३१ ❒ अंक २४८ ❒ २०८२ चैत २३ गते सोमबार 6 April 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनी प्रदेश मन्त्रिपरिषद् बैठक : दुई प्रस्ताव पारित, २०८३ का लागि सार्वजनिक निर्धारण

**हाम्रा संवाददाता**

**दाङ,** चैत २२/ लुम्बिनी प्रदेश सरकारको आइतबार मन्त्रिपरिषद् बैठक बसेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बैठक बसेको हो ।

बैठकले विभिन्न प्रस्तावहरु पारित गरेको छ भने २०८३ का लागि सार्वजनिक तथा पर्व बिदाहरू पनि निर्धारण गरेको छ । बैठकले प्रदेशभित्र संकलन हुने सवारी साधन करको बाँडफाँटसम्बन्धी प्रस्ताव पारित गरेको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीले जानकारी दिए । जसअनुसार आगामी आर्थिक वर्ष २०८३/८४ मा स्थानीय तहमा बाँडफाँट हुने सवारी साधन करको अनुमानित सीमा १ अर्ब ४५ करोड रुपैयाँ निर्धारण गरिएको छ । यस्तै आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको



सीमा निर्धारणसम्बन्धी प्रस्ताव पनि मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ ।

प्रदेश सरकारले विसं २०८३ का लागि थप सार्वजनिक तथा पर्व बिदाहरू पनि निर्धारण गरेको छ । हरितालिका तीज, माघे संक्रान्ति, प्रदेश स्थापना दिवस र वसन्त पञ्चमीका अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको छ भने भूम्या पूजा, बड्का अट्वारी, भगवती जात्रा र मगर दिवसजस्ता पर्वमा सम्बन्धित समुदायलाई बिदा दिने निर्णय गरिएको छ । बैठकले जीवनाशक बिषादी निरीक्षकहरूको कार्यक्षेत्र तोक्ने समेत निर्णय गरेको छ ।

**प्रदेशसभाको पाँचौं बैठक**

आइतबार नै लुम्बिनी प्रदेशसभाको सातौं अधिवेशनको पाँचौं बैठक समेत बसेको छ । बैठकमा उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपानेले लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक सभामा पेश गरेका छन् । त्यसैगरी बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि दफावार छलफलका लागि प्रदेश मामिला तथा कानुन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गरेका छन् । बैठकमा संघीय सरकारले प्रतिशोधपूर्ण व्यवहार देखाएको भन्दै प्रदेशसभा सदस्यहरूले कडा विरोध र खबरदारी समेत गरेका छन् । उनीहरुले वर्तमान परिस्थितिलाई ऐतिहासिक मोडको रूपमा चित्रण गर्दै राष्ट्रियता र सार्वभौमसत्तामाथि प्रहार भइरहेको बताएका छन् । भदौ २३ र २४ गतेका आन्दोलनलाई सही रूपमा नबुझिए मुलुक पुनः अस्थिरतातर्फ धकेलिने प्रदेश सांसदहरुको चेतावनी छ । प्रदेशसभाको छैठौं बैठक आज दिउँसो १ बजे बस्ने छ ।

## संक्षिप्त समाचार

### अमेरिकी सेनाको विमानमा आक्रमण

(रासस/एपी)

**वाशिङटन,** चैत २२/ इरानले अमेरिकी दुई युद्धविमान खसाल्नु पछिल्लो २० वर्षयताकै दुर्लभ घटना भएको जनाइएको छ । यस घटनाले इरानको प्रतिकार क्षमता अझै कायम रहेको देखाएको विश्लेषण गरिएको छ । रिपोर्टअनुसार शुक्रबार इरानले अमेरिकी लडाकु विमान खसाल्दा एक सैनिकलाई उद्धार गरिएको छ भने अर्का एक अझै बेपत्ता छन् र उनको खोजी जारी रहेको छ । इरानी सञ्चारमाध्यमले अर्को एक आक्रमण विमान पनि खसालिएको दाबी गरेका छन् । सैन्य विज्ञहरूका अनुसार यसअघि सन् २००३ मा इराकमाथि आक्रमणका क्रममा अमेरिकी युद्धविमान शत्रुपक्षबाट खसालिएको थियो। त्यसयता यस्तो घटना भएको थिएन । विशेषज्ञहरूका अनुसार पछिल्ला वर्षहरूमा अमेरिका मुख्यतः कमजोर हतियार भएका विद्रोही समूहसँग लड्दै आएको थियो, जसले यस्ता आक्रमण गर्न सक्ने क्षमता राख्दैनथे । तर इरानसँग भने हवाई प्रतिरक्षा प्रणाली रहेकोले यस्तो घटना सम्भव भएको बताइएको छ । इरानमाथि एक महिनाभन्दा बढी समयदेखि अमेरिका र इजरायलले निरन्तर हवाई आक्रमण गरिरहेका छन् । यद्यपि ती आक्रमणपछि पनि इरानले क्षेप्यास्त्र र मानवरहित यानमार्फत प्रतिकार जारी राखेको छ ।

## सभामुखमा डीपी अर्याल



काठमाडौं, चैत २२/ प्रतिनिधिसभाको सभामुखमा डोलप्रसाद (डीपी) अर्याल निर्वाचित भएका छन् । प्रतिनिधिसभाको आइतबार बसेको बैठकमा सभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले अर्याल निर्विरोध निर्वाचित भएको घोषणा गरेका हुन् ।बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) सभापति रवि लामिछानेले प्रतिनिधिसभाको सभामुखमा अर्याललाई सभामुखमा प्रस्ताव गरेका थिए ।धादिङको ज्वालामुखी गाउँपालिकामा २०३१ साल भदौ ६ गते जन्मिएका राष्ट्रिय स्वतन्त्र पार्टीका उपाध्यक्ष अर्याल प्रतिनिधिसभाको दसौँ सभामुख बनेका छन् । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनी काठमाडौं क्षेत्र नं ९ बाट निर्वाचित भएका थिए । निरन्तरको सैर्यबाट वैकल्पिक राजनीति यात्रामा होमिएका अर्यालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको जिम्मेवारी वहन गरिसकेका छन् । सभामुखमा नवनिर्वाचित अर्यालले जापानलगायत विभिन्न देशमा अध्ययन, अनुसन्धान, रोजगारी तथा व्यवसाय सञ्चालन गरेका थिए । स्वदेशमै केही गर्न सकिन्छ भन्ने विश्वासका साथ विगत २५ वर्षदेखि पर्यटन, शिक्षा र वित्तीय क्षेत्रमा उनी क्रियाशील छन् । व्यवसाय र राजनीतिलाई सँगसँगै अघि बढाएका अर्यालले २०७९ सालमा राष्ट्रिय स्वतन्त्र पार्टी स्थापनामा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । नवनिर्वाचित सभामुख अर्यालले आइतबार नै राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनियताको सपथ लिएका छन् ।

## बैशाख १ देखि काँग्रेसको 'जरा अभियान', देशैभर खटाइए प्रतिनिधि

**पाल्पा,** चैत २२/ नेपाली काँग्रेसले बैशाख १ गतेदेखि देशैभर जरा अभियान सञ्चालन गर्ने भएको छ । उसले पार्टी संगठनलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउन ७७ वटै जिल्ला र पार्टीको तल्लो तहसम्म पुग्ने गरी 'एकमहिने जरा अभियान' सञ्चालन गर्न लागेको हो ।




अभियानअन्तर्गत क्रियाशील सदस्यता अद्यावधिक गर्ने, पार्टीको सांगठनिक गतिविधिको विश्लेषण गर्ने, जनतासँग, युवासँग र पार्टी बाहिरका शुभेच्छुकसँग निर्वाचनको समीक्षात्मक कार्यक्रम गरिने काँग्रेसका महामन्त्री प्रदीप पौडेलले जानकारी दिए । उनले भने, "सामाजिक र सिर्जनात्मक अभियान सञ्चालन गर्ने तथा स्थानीय सरकार सञ्चालन र आगामी बजेट निर्माणसँग सम्बन्धित मार्ग निर्देशन एवं सहजीकरण गर्नु जरा अभियानको उद्देश्य रहेको छ ।" कांग्रेसले अभियानका लागि ७७ वटै जिल्लामा प्रतिनिधिका खटाएको छ । खटाएका प्रतिनिधिका लागि काँग्रेसले अभिमुखीकरण कार्यक्रमसमेत गरेको छ । बैशाख महिनाभित्रमा केन्द्रदेखि प्रत्येक तहका पार्टी सदस्य आफ्नो वडामा स्वयं उपस्थित भई आफ्नो सदस्यता अद्यावधिक गर्नु पर्नेछ । यसरी सदस्यता अद्यावधिक गरिएका सदस्यहरूले मात्र कांग्रेस 'आइडी' प्राप्त गर्ने छन् र १५औं महाधिवेशनमा भाग लिन पाउनेछन् । काँग्रेसले अभियानका लागि लुम्बिनी प्रदेश अन्तर्गत पाल्पामा अर्घाखाँचीकी निर्मला क्षेत्री र रुपन्देहीका हरिप्रसाद न्यौपाने, गुल्मीमा नवलपरासीका राधेश्याम पाठक र कपिलवस्तुका कृष्ण गिरी, अर्घाखाँचीमा गुल्मीका छन्दबहादुर पहराई मगर,रुपन्देहीमा पाल्पाका राजेन्द्रगोपाल सिंह र प्युठानकी निमा गिरीलाई खटाएको छ । यस्तै नवलपरासीमा रुपन्देहीका धरामबहादुर कार्की र रमेश खनाल, कपिलवस्तुमा अर्घाखाँचीका कमलप्रसाद भुसाल र दाङका कमलकिशोर घिमिरे, रुकुम पूर्वमा अर्घाखाँचीका लेखनाथ पोखरेल, रोल्पामा प्यूठानका अमरप्रसाद भण्डारी, प्यूठानमा गोरखाका दिनेश सुनार, दाङमा बर्दियाकी पवित्राकुमारी अर्याल र नवलपुरका शंकर तिवारी, बाँकेमा दाङका केशवराज शर्मा आचार्य र गुल्मीका मोतिलाल भण्डारी, बर्दियामा दाङका प्रदीपराज शर्मा र गुल्मीका प्रेम भण्डारीलाई केन्द्रीय प्रतिनिधि खटाएको छ ।

**महाधिवेशनको कार्यतालिका**

कांग्रेसले केन्द्रीय प्रतिनिधिको अभिमुखीकरण गरेसँगै १५ औं महाधिवेशनको कार्यतालिका अनुसारको काम समेत सुरु गरेको छ । बैशाख महिनाभित्रमा केन्द्रदेखि प्रत्येक तहका पार्टी सदस्य आफ्नो सम्बन्धित वडामा स्वयं उपस्थित भइ आफ्नो सदस्यता अद्यावधिक गर्नु पर्ने र यसरी सदस्यता अद्यावधिक गरिएका सदस्यले मात्र कांग्रेस आइडी प्राप्त गर्नेछन् र १५ औं महाधिवेशनमा भाग लिन पाउने काँग्रेसले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## मिडियामाथिको प्रहार तुरुन्त सच्याऊ

सरकारले सार्वजनिक निकायका विज्ञापन सरकारी मिडियामा मात्र प्रकाशन प्रसारण गर्न पाउने निर्णय गरेपछि सर्वत्र विरोध सुरु भएको छ । यो निर्णयका कारण देशभर सञ्चालित निजी क्षेत्रका मिडियाहरू धरासायी बन्ने चिन्ता व्यक्त भएको छ । सरकारको यो कदम 'पुरातन र संकुचित' सोचको उपज हो । लोकतन्त्र र संघीयताको आधारभूत मर्ममाथि नै प्रहार हो । आधुनिक र लोकतान्त्रिक समाजमा सूचना तथा विज्ञापन प्रवाहलाई खुला र प्रतिस्पर्धी बनाउनुपर्नेमा सरकारले 'सिन्डिकेट' शैली अपनाएको छ । हिजो लोकतन्त्र प्राप्तिका लागि निजी क्षेत्रका मिडियाले खेलेको अहम् भूमिकालाई अवमूल्यन गर्दै सरकारले ल्याएको यो नीति प्रतिउत्पादक हुने देखिन्छ ।

आर्थिक रूपमा सबल सञ्चारमाध्यम बिना स्वतन्त्र पत्रकारिता सम्भव छैन भन्ने तथ्यलाई नजरअन्दाज गरिनु दुर्भाग्यपूर्ण छ । यसै पनि विगत केही वर्षयता नेपाली सञ्चार क्षेत्रले निकै कष्टकर समय झेलिरहेको छ । कोभिड-१९ को महामारी र त्यसपश्चात् उत्पन्न विश्वव्यापी आर्थिक मन्दीले विज्ञापन बजारलाई निकै खुम्च्याइदिएको छ । धेरैजसो सञ्चारगृहहरू आर्थिक संकटका कारण धराशायी भइरहेका छन् । यस्तो बेला राज्यले अभिभावकीय भूमिका खेल्नुपर्नेमा उल्टै विज्ञापनको ढोका थुन्नु दुखद् हो । यसले केवल पत्रकारहरूको रोजगारी मात्र खोस्दैन, बरु सत्तालाई स्वेच्छाचारी बन्न सहज मार्ग प्रशस्त गर्छ । लोकतन्त्रमा प्रेसको घाँटी निमोठ्ने प्रयास हुनु भनेको अन्ततः शासन व्यवस्था नै निरंकुशतातर्फ उन्मुख हुनु हो । सरकारले सुशासन र पारदर्शिताका नाममा यस्तो निर्णय गरेको तर्क गरे पनि यो विषय सरकार र सञ्चार क्षेत्रबीचको टकरावसँगै लोकतन्त्र माथिको प्रहार हो । विज्ञापनलाई 'नियन्त्रणको अस्त्र' होइन, 'लोकतान्त्रिक सहकार्यको माध्यम' बनाउनुनै राज्यको दायित्व हो । तसर्थ, लोकतन्त्रको संस्थागत विकास र सयौं सञ्चारगृहको अस्तित्व रक्षाका लागि यो निर्णय तत्काल सच्याउन जरुरी छ ।

## Opinion @ Social Network

खुसीलाई धितो राखेर बाँच्ने गर्नुस्
दुख र पीडा त जीवनमा किस्ता किस्तामा आइरहन्छ ।
*(पुर्णिमा कुवरको फेसबुक स्टाटसबाट www.facebook.com/Purnima.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रधानमन्त्रीज्यू ! नेपाली आशा र भरोसामा छन्



**डा.गणेशप्रसाद घिमिरे**

*निर्वाचन सम्पन्न भएपछि २०८२ साल चैत १३ गते रामनवमीका दिन भव्य समारोहका बीचमा बालेन्द्र साहले प्रधानमन्त्रीको सपथ लिए । देशनिर्माणको संकल्प लिए । शपथग्रहण पुरानोभन्दा फरक पनि देखियो । नेपाल सनातन परम्परामा विश्वास गर्छ र बुद्ध जन्मेको देश हो भन्ने तथ्यलाई शपथग्रहण समारोहले प्रमाणित गरिदियो जो आजसम्म भएको थिएन । नेपालको राजनीतिलाई सही दिशा देखाउन केही समय लाग्ला । समय अनुसार र नेपालको विकास नै पहिलो प्राथमिकता नेपालको राजनीतिमा पर्नेछ भन्ने विश्वासमा नेपाली जनता रहेका छन् ।*

नेपालको राजनीतिमा २०८२ साल साह्रै महत्वपूर्ण वर्ष रह्यो । राजनीतिले कसैलाई विस्थापित र कसैलाई स्थापित गर्छ भन्ने मान्यता यो सालमा देखियो । पुराना जसले नेपालको शासकीय स्वरूप र व्यवस्थापकीय पहिचान सदा आफ्नो चंगुलका राखे । यो आमनिर्वाचनले तिनलाई बढारिदियो । आशा र भरोसामा विश्वास नभएका जसले राजनीतिलाई देशविकासको आधार बनाए तिनलाई स्थापित गरिदिए जनता जनार्दनले । यही हो राजनीति र राजनीतिले देखाएको बाटो पनि । नेपालको राजनीतिमा २०७९ सालमा स्वतन्त्ररूपमा काठमाडौंको मेयरमा लडेर महानगर प्रमुख बनेका बालेन्द्र साह आज देशको सरकार प्रमुख बने । यो नेपालको राजनीतिमा देखापरेको आमूल परिवर्तन हो । यो परिवर्तन परिवर्तनमात्र होइन विश्वासको आधार पनि हो । परिवर्तन समाजमा मात्र होइन राजनीतिमा पनि हुन्छ भन्ने तथ्यलाई २०८२ को निर्वाचनले प्रमाणित गरिदिएको छ । निर्वाचन सम्पन्न भएसँगै गणतन्त्रको आगमनपछि एउटै पार्टीको सरकार बनेको छ पाँच वर्षका लागि । नेपालको राजनीतिमा देखिएको यो परिवर्तनले नेपालको मार्गचित्र कोर्नेछ र विकासको मूल फुटाउनेछ । नेपालीको आशालाई भरोसामा परिवर्तन गर्नेछ । यही शुभकामना वर्तमान प्रधानमन्त्री र उनको मन्त्रिपरिषद्का सदस्यहरूलाई पनि ।

**आशमा छन् नेपाली**

नेपालको राजनीतिमा आएको यो परिवर्तनका कारक तत्व को हुन् । नेपालका युवा पुस्ता । नेपालको विकास यो पुस्ताले खोज्यो । नेपालको राजनीतिमा परिवर्तनको अपेक्षा राख्यो । राजनीतिमा आजसम्म देखिएको नातावाद, कृपावादको अन्त्य खोज्यो । अन्त्य खोज्ने क्रममा यही २०८२ साल भदौ २३ र २४ गते कारक बन्यो । स्थापित र निर्वाचनबाट आएको सरकार विस्थापित भयो र नयाँ निर्वाचनको तिथि तोकियो । निर्वाचन सम्पन्न भएपछि २०८२ साल चैत १३ गते रामनवमीका दिन भव्य समारोहका बीचमा बालेन्द्र साहले प्रधानमन्त्रीको सपथ लिए । देशनिर्माणको संकल्प लिए । शपथग्रहण पुरानोभन्दा फरक पनि देखियो । नेपाल सनातन परम्परामा विश्वास गर्छ र बुद्ध जन्मेको देश हो भन्ने तथ्यलाई शपथग्रहण समारोहले प्रमाणित गरिदियो जो आजसम्म भएको थिएन । नेपालको राजनीतिलाई सही दिशा देखाउन केही समय लाग्ला । समय अनुसार र नेपालको विकास नै पहिलो प्राथमिकता नेपालको राजनीतिमा पर्नेछ भन्ने विश्वासमा नेपाली जनता रहेका छन् । आशामात्र होइन भरोसा पनि छ नेपाली जनतामा । यो भरोसा नेपाली जनताले पुराना राजनीतिक दलका विरुद्ध खन्याएको मतले पनि प्रमाणित गरिदिएको छ । समस्या धेरै छन् । नेपालीको धैर्य कम छ । तत्काल परिवर्तनको कामना नेपाली जनताको अपेक्षा हो । त्यो अपेक्षामा खरो उत्रन सक्नु नै वर्तमान सरकारको सफलता मानिनेछ । सस्तो र लोकप्रिय निर्णयले देशको राजनीतिक अवस्थामा तत्काल परिवर्तनको महसुस जनताले गर्लान् तर त्यसकिसिमका निर्णयले दिगो विकासलाई र देशको संरचनालाई परिवर्तन मान्दैनन् । यस्ता निर्णयमात्र लोकप्रियताले भरिएका हुन्छन् । नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिका साथै भौगोलिक विविधताले सम्पन्न मुलुक हो । संसारमा यो देशकाआफ्नै मूल्य तथा मान्यता रहेका छन् । यसलाई बिगार्ने र संस्कृतिमा हस्तक्षेप गर्ने अधिकार कसैलाई पनि छैन चाहे त्यो शासक नै किन नहोस् । नेपाली युवाको बलिदान र रगतको आहालमा बनेको सरकार हो यो । नेपाली युवाले जितेको सरकार हो यो । आशाका मीठा सपनालाई पूरा गर्न बनेको सरकार हो यो । आशाका झिनो त्यान्द्रामा अडिएको सरकार हो । आशालाई निराशामा परिवर्तन गर्ने अधिकार यो सरकारलाई जनताले दिन सक्दैनन् । अब नेपालीको धैर्य ढिलासुस्ती र अल्झिने प्रवृत्तिमा देखिँदैन पनि । संयम सबैभन्दा बलवान् हुन्छ । संयमित बन्नु र संयमपूर्वक आफू र आफ्नो सरकारलाई गति दिने जिम्मा सरकार प्रमुखको नै हुने गर्दछ । त्यसैले संयमतापूर्वक आफूलाई सरकारमा मात्र होइन देशको मूल आधार विकासमा समेत उतार्नुपर्ला । नयाँबाट आशा गर्नु स्वाभाविक पनि हो । नेपालीले मत घोप्टाएका हुन् । आफ्नो मताधिकार बालेनका लागि प्रयोग गरेका पनि हुन् । तर ती नेपाली जनताको मतलाई सम्मान गर्नु वर्तमान सरकारको मुख्य दायित्व र कर्तव्य पनि हो । देशको विकास र देशलाई उन्नतितिर लैजाने हरेक मोडमा नेपाली वर्तमान प्रधानमन्त्रीको पक्षमा उभिने छन् । तर कुनै दिन नेपाल र नेपालीले दिएको मतको कदर गरिएन भने पुन: आन्दोलनको लहर नआउला भन्न सकिँदैन । नेपाली जनताले आशामात्र गरेका छैनन् । युवाको सहभागिता र केही गर्छु भन्ने आँट रहेको वर्तमान सरकारप्रति भरोसा पनि उत्तिकै देखिएको छ । भरोसाको हत्या गर्ने अधिकार छैन । नेपालीको आशालाई भरोसामा परिवर्तन गरेर देखाउनु नै वर्तमान सरकारको मुख्य दायित्व पनि हो । राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचमा वाचापत्र बाहिर ल्याएको छ । ती गरिएका वाचा नेपालको हितका लागि हुन् । वाचापत्रमा उल्लेख गरिएका विषयलाई अक्षरश: कार्यान्वयन गर्नु नै कर्तव्यपथको पहिलो श्रेणी मानिनेछ । विदेशमा रहेका नेपालीलाई स्वदेशमा नै रोजगार दिनु आजको आवश्यकता हो । नेपालको सबै क्षेत्रमा राजनीतीकरण छ । राजनीतीकरलाई अन्त्य गरेर स्वच्छ र गतिलो प्रशासन दिनु, विदेशमा अध्ययनका लागि कुदिहाल्ने नेपाली युवालाई स्वदेशमा नै रोक्नु प्राथमिकताका साध्य बनून् । आशालाई भरोसामा परिवर्तन गर्ने जिम्मा वर्तमान सरकारको वाचापत्र नै होला ? नेपालीको भरोसामा खरो उत्रोस् यही शुभकामना पनि ।

**संयमित बनौं**

निर्वाचनका समयमा सबैभन्दा उग्र र असंयमित बने राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ता । आज पनि असंयमित नै छन् । गणतन्त्रमा विरोध गर्न पाइन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचनका समयमा सबैभन्दा बढी सामाजिक सञ्जालको प्रयोग गरेको देखियो । सामाजिक सञ्जाल प्रयोगकर्ता एउटा व्यक्ति वा पार्टीका समर्थकमात्र हुँदैनन् । आफूले चाहेको पार्टी वा व्यक्तिलाई समर्थन गर्नु नेपाली जनताको संवैधानिक अधिकार हो । वर्तमान प्रधानमन्त्री पनि सामाजिक सञ्जालमा असंयमित नै भएको पाइयो केही समयपूर्व । अझ बालेनलाई माया गर्ने र उनलाई रथारोहण गराउन सक्रिय कार्यकर्ता त कति हो कति असंयमित । सामाजिक सञ्जालको प्रयोगमा देखिएका असभ्य र गलत टिप्पणीले कहिले पनि दशे बन्दैन । अन्धभक्तिले पनि देशको भलो गर्दैन । सामाजिक सञ्जालमा बर्सिने असभ्य र गालीगलौज अब बर्सिने छैनन् । यो निर्वाचनमा मतदाताले मत मात्र परिवर्तन गरेका हुन् । बालेनका नाममा आएको मत सबै राष्ट्रिय स्वतन्त्र पार्टीका पनि होइनन् । मत परिवर्तन देशमा देखापरेको अन्योललाई चिर्न मतदाताले गरेका हुन् । नेपाली समाज संयमित छ । संयम गुमाउँदासाथ भदौ २४ नदोहोरिएला भन्न सकिँदैन । यो अवस्थाको चित्रलाई कहिले पनि प्रश्रय दिने काम नहोस् । अब बाहिर बसेर अरूलाई धारेहात लगाए जस्तो होइन । पुराना नेता र पार्टीविरुद्ध एक हात उफ्रेर धारे हात लगाउने व्यक्ति नै आज सत्तारोहण गरेको अवस्था हो । यो समयमा पनि धैर्य रहेन भने देशको अवस्था कस्तो होला आफैं जानकार नै हो । संयमले नै मानिसलाई गरिमावान् र गतिशील बनाएको हुन्छ । भनाइ र गराइ फरक विषय हो । हिँजो भनाइमात्र थियो । आज भनाइलाई गराइमा परिवर्तन गर्नु दायित्व र कर्तव्य बनेको छ । कसैलाई सामाजिक सञ्जालमार्फत गाली गर्दैमा देश बन्ने पनि होइन । सामाजिक सञ्जाल र सञ्चारमाध्यममा भाषण गर्दा नै देशले परिवर्तन पाउने पनि होइन । राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्तामा देखापरेको असंयम पक्षलाई चिर्नु पहिलो आवश्यक काम हो ।

**सामाजिक सञ्जाल**

मानिसले आफूलाई विभिन्न विषयमा जानकारीका लागि प्रयोग गरेको हुन्छ । आजको युवाको अध्ययन र पढाइ नै सामाजिक सञ्जाल बनेको छ । पुस्तकभन्दा सामाजिक सञ्जाललाई प्राथमिकता दिने आजको पुस्ता निरुद्देश्य नबनोस् । नेपालको राजनीतिमा आजसम्म सबै मन्त्री वा प्रधानमन्त्रीले दोष कर्मचारीतन्त्रलाई दिने गरेका छन् । सामान्य काम गर्दा वा कुनै कामलाई गति दिन आफ्नो देशको कानुनलाई कर्मचारीले ख्याल गरेको हुन्छ । मन्त्रीले गर्ने निर्णयमा भ्रष्टाचार देखियो भने सबैभन्दा पहिला कर्मचारी नै भ्रष्टाचारी सावित हुने कानुन यो देशमा बनाइएको छ । कर्मचारी कहिले पनि देशको विकास र उन्नतिका विरुद्ध हुँदैन पनि तर अख्यियार र सतर्कता केन्द्र जस्ता आयोगले पहिले कर्मचारीको उछित्तो काढ्ने गरेको देखिन्छ । नेपालको कर्मचारीतन्त्रमा दोष थोपरेर उम्किने मन्त्री वा प्रधानमन्त्री नेपाली जनताले चाहेका पनि होइनन् । वर्तमान सरकारमा युवाको जोश छ । देश बनाउने हुटहुटी छ । नेपाललाई विकासको आधार दिने जाँगर पनि छ । त्यो जाँगर अरूलाई गाली दिने र अरू नराम्रा हामी राम्रा भन्नेमा नबितोस् । देशलाई गति दिन र देशको काँचुली फेर्न सहयोगी बनोस् । तत्काल प्रतिफल नेपाली जनताले खोजेको छ । विकासको आधारलाई जनतासामु पुऱ्याउने उद्देश्य सरकारको रहोस् । पुराना वा बूढाहरूले देश बिगारे भन्न पाइँदैन अब । उनीहरूको राजनीति समाप्त गरेर आएको यो सरकारले कसैलाई दोष दिन पाउँदैन । अब आफूले गर्ने हो । देशलाई समृद्धिको बाटोमा लैजाने हो । यही भरोसा र अठोट नेपाली जनताले चाहेका हुन् । नेपालीको मतको कदर होस् । देश चिनियोस् । विकासको मूल फुटोस् । नेपाल नेपालीको बनोस् । यही शुभकामना वर्तमान प्रधानमन्त्रीलाई ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : जीवनसाथीको सहयोग मिल्नेछ। योग्यताको उचित मूल्यांकन हुनेछ। | **तुला** : सेवामूलक कामले मान प्रतिष्ठा दिलाउनेछ। प्रेम सम्बन्धमा मधुरता छाउनेछ। |
| **वृष** : परिस्थितिलाई आफ्नो अनुकूल बनाउन सक्नुहुनेछ। स्वास्थ्यले साथ दिनेछ। | **वृश्चिक** : गोप्य कुराहरू बाहिरिनाले समस्या निम्ताउला सावधान रहनुहोस। |
| **मिथुन** : विद्यार्थीहरूको शैक्षिक क्षेत्र फराकिलो हुनाले तर्कशक्तिमा वृद्धि हुनेछ। | **धनु** : लगनशीलताले कार्यक्षेत्रमा सफलता पाइनेछ। कानुनी पक्ष मजबुत रहनेछ। |
| **कर्कट** : स्वास्थ्यलाई लिएर खानपिनमा सतर्कता अपनाउनुहोस्। मन अशान्त रहनेछ। | **मकर** : कानुनी पक्ष मजबुत रहनेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। |
| **सिंह** : आँटेको कार्य सिध्द हुनेछ। उच्च अधिकारीहरूको साथ र सहयोग मिल्नेछ। | **कुम्भ** : नयाँ पहिरनले व्यक्तित्वमा निखार आउनेछ। महत्वकांक्षी योजनाहरू पूरा हुनेछन्। |
| **कन्या** : संयमता र स्पष्ट संवादले परिस्थितिलाई आफ्नो अनुकूल बनाउन सकिनेछ। | **मीन** : शत्रुहरू सक्रिय रहनेछन्।कृषि पशुपालन बाट लाभ आर्जन गर्न सकिएला। |

शिक्षा

# कक्षा ५ सम्मको परीक्षा हटाउनुभन्दा वैज्ञानिक मूल्याङ्कन विधि लागू गरौँ

नेपालको विद्यालय शिक्षा प्रणाली महत्त्वपूर्ण मोडमा उभिएको छ । नवगठित सरकारले 'शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूची' सार्वजनिक गर्दै आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्म लिइँदै आएको आन्तरिक परीक्षा प्रणाली पूर्ण रूपमा बन्द गर्ने सार्वजनिक गरेसँगै शिक्षा क्षेत्रमा व्यापक बहस सुरु भएको छ । कतिपयले यसलाई विद्यार्थीमैत्री प्रगतिशील कदम भनेका छन् त कतिपयले यसले शैक्षिक गुणस्तर घटाउने भन्दै चिन्ता व्यक्त गरेका छन् । तर मूल प्रश्न के हो भने- के परीक्षा प्रणाली खारेज गर्नु समाधान हो ? वा मूल्याङ्कन प्रणालीलाई पुनर्संरचना गरेर थप वैज्ञानिक बनाउनुपर्ने हो ? परीक्षा लिने प्रणाली हटाउनु समाधान होइन, बरु मूल्याङ्कन प्रणालीलाई वैज्ञानिक, मनोवैज्ञानिक ढङ्गले पुनर्संरचना गर्नु नै प्रभावकारी समाधान हो । किनभने परम्परागत परीक्षा प्रणालीले बालबालिकामा डर, तनाव र कण्ठस्थ सिकाइको प्रवृत्ति बढाउने गरेको भए पनि त्यसलाई पूर्ण रूपमा हटाएर त्यसको विकल्प प्रस्तुत गरिएन भने सिकाइको गुणस्तर झन् कमजोर हुन सक्छ । फर्मेटिभ एसेसमेन्टको सिद्धान्तअनुसार मूल्याङ्कनलाई सिकाइ सुधार गर्ने उपकरणका रूपमा प्रयोग गर्ने गरिन्छ । यसले विद्यार्थीलाई डरमुक्त वातावरणमा निरन्तर सिक्न, गल्तीबाट सिकेर अघि बढ्न आत्मविश्वास दिन्छ ।




**परीक्षा प्रणालीको मनोवैज्ञानिक प्रभाव**

परम्परागत परीक्षा प्रणाली विशेषगरी प्रारम्भिक तहका बालबालिकाका लागि सिकाइको साधनभन्दा मानसिक दबाबको स्रोत बन्दै गएको देखिन्छ । यस्तो प्रणालीले विद्यार्थीलाई निरन्तर जाँचिने, तुलना गरिने र मूल्याङ्कन गरिने अवस्थामार्फत 'गल्ती गर्न नहुने' मनोवृत्ति विकास गराउँछ । यसका कारण उनीहरूमा डर, असुरक्षा र असफलताको त्रास बढ्न थाल्छ । शिक्षा मनोविद् जिन पियाजेका अनुसार बालबालिकाले आफ्नो विकासको प्रारम्भिक चरणमा अनुभव, खेल र अन्वेषणमार्फत सिक्ने भएकाले उनीहरूलाई औपचारिक परीक्षा र अङ्ककेन्द्रित मूल्याङ्कनले स्वाभाविक सिकाइ प्रक्रियामा बाधा पुर्‍याउँछ । त्यसैले कक्षा १ देखि ५ सम्मका बालबालिकालाई कागजकलममा आधारित परीक्षाभन्दा पनि अनुभवजन्य सिकाइ आवश्यक हुन्छ । यस उमेर समूहका विद्यार्थीहरू मुख्यत: प्रत्यक्ष अनुभव, खेल, अवलोकन र अन्तरक्रियाबाट सिक्ने चरणमा हुन्छन् । शिक्षा मनोविद् पियाजेका अनुसार बालबालिकाले 'कंक्रिट अपरेसनल' (मूर्त सञ्चालन) चरणमा वास्तविक वस्तु, गतिविधि र अनुभवमार्फत बुझाइ निर्माण गर्छन् । सरकारले पनि यही अवधारणालाई पछ्याउँदै पक्कै पनि साना नानीबाबुहरूको लिखित परीक्षाभन्दा उनीहरूको अनुभवजन्य परीक्षा लिनुपर्छ भनेर सोचेको हुनुपर्छ । तथापि हामीले हालसम्म प्रयोग गरेको विधिमा एकैपटक फेरबदल ल्याउँदा त्यसले विद्यार्थीको शैक्षिक गुणस्तरलाई प्रभावित पारिरहेको हुन्छ । मूल्याङ्कन : सिकाइसँगै चल्ने प्रक्रिया मूल्याङ्कनलाई विद्यार्थीको सिकाइको कुनै एक निश्चित समयमा लिइने परीक्षामार्फत मात्र मापन गर्ने होइन । यो दैनिक कक्षा गतिविधि, व्यवहार, सहभागिता, प्रयास र प्रगतिको आधारमा निरन्तर रूपमा अवलोकन, विश्लेषण र सुधार गर्ने प्रक्रिया हो । यसले सिकाइलाई बोझ नभई जीवन व्यवहारका रूपमा बुझ्छ । यस अवधारणामा शिक्षकले विद्यार्थीलाई अन्तिम नतिजाबाट मात्र होइन, उसले सिक्ने क्रममा देखाएको जिज्ञासा, सोधेका प्रश्न, गरेको प्रयास, गल्ती र त्यसबाट सिक्ने क्षमताका आधारमा मूल्याङ्कन गर्ने हो । मूल्याङ्कनलाई डर र दबाबको माध्यमबाट हटाएर सहयोग र मार्गदर्शनको उपकरणमा रूपान्तरण गर्छ । विश्वका सफल शिक्षा प्रणालीहरूले धेरै अघि नै परीक्षाकेन्द्रित दृष्टिकोणबाट सिकाइकेन्द्रित मूल्याङ्कनतर्फ फड्को मारिसकेका छन् । विद्यार्थीको मूल्याङ्कन केवल अङ्क र नतिजामा सीमित नरही उसको समग्र विकास, बुझाइ, सीप र व्यवहारमा आधारित हुन्छ । उदाहरणका लागि फिनल्यान्डमा प्रारम्भिक कक्षाहरूमा कुनै उच्च दबाबयुक्त औपचारिक परीक्षा हुँदैन, बरु शिक्षकले दैनिक कक्षा गतिविधि, अवलोकन र अन्तरक्रियामार्फत विद्यार्थीको प्रगति मूल्याङ्कन गर्छन् । यसले सिकाइलाई सहज र तनावमुक्त बनाउँछ । त्यस्तै सिङ्गापुरले दक्षतामा आधारित मूल्याङ्कन प्रणाली अपनाएको छ, जहाँ विद्यार्थीले सिकेको ज्ञानलाई व्यवहारमा कसरी प्रयोग गर्न सक्छन् भन्ने कुरामा विशेष जोड दिइन्छ । क्यानडामा भने मूल्याङ्कनलाई सिकाइ सुधारको उपकरणका रूपमा लिइन्छ । शिक्षकले निरन्तर प्रतिक्रिया, परियोजना कार्य र पोर्टफोलियोमार्फत विद्यार्थीको प्रगति ट्र्याक गर्छन्, जसले विद्यार्थीलाई आफ्नै सिकाइप्रति जिम्मेवार बनाउँछ । यी सबै उदाहरणहरूले स्पष्ट देखाउँछन् कि प्रभावकारी शिक्षा प्रणालीहरूमा परीक्षा अन्तिम लक्ष्य होइन, बरु सिकाइलाई गहिरो, अर्थपूर्ण र जीवनोपयोगी बनाउने माध्यम हो ।

**नेपालको नीति र व्यवहार**

नेपालमा कक्षा ५ सम्म परम्परागत परीक्षा हटाउने प्रयास शिक्षा प्रणालीलाई बालमैत्री र आधुनिक बनाउने सकारात्मक सङ्केत हो । तर व्यवहारमा यसको प्रभावकारिता नीति र कार्यान्वयनबीचको दूरीका कारण सीमित हुने जोखिम देखिन्छ । कागजमा तयार गरिएका अवधारणाहरू विद्यालय तहमा समान रूपमा लागू हुन नसक्दा अपेक्षित परिणाम नआउन सक्छ । उदाहरणका लागि धेरै विद्यालयहरूमा निरन्तर मूल्याङ्कनको अवधारणा स्वीकार गरिए पनि त्यसलाई कार्यान्वयन गर्ने स्पष्ट मापदण्ड, उपकरण र प्रशिक्षित मानवस्रोतको अभाव छ । यस्तोमा शिक्षकहरूले व्यक्तिगत अनुभव र अनुमानका आधारमा मूल्याङ्कन गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । यसले निष्पक्षता र विश्वसनीयतामा प्रश्न उठाउँछ । यसका साथै अभिभावकहरू अझै पनि अङ्क र श्रेणीलाई नै सिकाइको प्रमुख सूचक मान्ने परम्परागत सोचबाट बाहिर निस्किएका छैनन् । तर यसको ठाउँमा वैज्ञानिक मूल्याङ्कन प्रणाली लागू गरेमा मूल्याङ्कन प्रक्रियालाई स्पष्ट मापदण्ड, प्रमाण, निरन्तर अवलोकन र सुधारमुखी दृष्टिकोणबाट अघि बढाउन सकिन्छ । यसले विद्यार्थीको सिकाइलाई वस्तुनिष्ठ, निष्पक्ष र विश्वसनीय रूपमा मापन गर्न सक्छ । यससँगै मूल्याङ्कनलाई बहुआयामिक बनाउनु जरुरी छ । विद्यार्थीको ज्ञान मात्र होइन, उसको सोच्ने क्षमता, समस्या समाधान गर्ने सीप, व्यवहार, सहकार्य र सिर्जनात्मकतासमेत समेटिन्छ । वास्तविक सिकाइ केवल पाठ्यपुस्तकको जानकारीमा सीमित हुँदैन । वैज्ञानिक प्रणालीको अर्को महत्त्वपूर्ण पक्ष भनेको प्रमाणमा आधारित मूल्याङ्कन हो । यसका लागि विद्यार्थीको पोर्टफोलियो, परियोजना कार्य, कक्षा गतिविधि, मौखिक प्रस्तुति र दैनिक कार्यसम्पादनलाई अभिलेख राखिन्छ । यही प्रक्रियाले सिकाइलाई निरन्तर र प्रभावकारी बनाउँछ ।

**अब के गर्ने ?**

कक्षा ५ सम्म परीक्षा हटाउने नीतिलाई प्रभावकारी बनाउन सबैभन्दा महत्त्वपूर्ण कुरा स्पष्ट, वैज्ञानिक र कार्यान्वयनयोग्य मूल्याङ्कन प्रणाली निर्माण गर्नु हो । जसका लागि सरकार, विद्यालय र शिक्षक-तीनै तहमा समन्वित र जिम्मेवार पहल आवश्यक हुन्छ । सर्वप्रथम, सरकारका तर्फबाट राष्ट्रिय स्तरको एकीकृत मूल्याङ्कन ढाँचा विकास गरिनु आवश्यक छ । यसले कक्षा १-५ सम्म के-कस्ता सिकाइ उपलब्धि अपेक्षित छन्, तिनीहरूलाई कसरी मापन गर्ने र कुन मापदण्ड प्रयोग गर्ने भन्ने स्पष्ट दिशा दिन्छ । साथै निरन्तर मूल्याङ्कनलाई व्यवहारमा लागू गर्न शिक्षकका लागि अनिवार्य तालिम, नियमित पुनर्ताजगी कार्यक्रम र प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्नुपर्छ । विद्यालय स्तरमा मूल्याङ्कनलाई पारदर्शी, प्रमाणमा आधारित र व्यवस्थित बनाउन स्पष्ट कार्यतालिका तयार गर्नेह विद्यार्थीको पोर्टफोलियो र प्रगति अभिलेख राख्ने, डिजिटल प्रणालीमार्फत डेटा व्यवस्थापन गर्ने र अभिभावकलाई नियमित रूपमा गुणात्मक प्रतिवेदन उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । यसले मूल्याङ्कनप्रति विश्वास र उत्तरदायित्व बढाउँछ । शिक्षकका लागि भने मूल्याङ्कनलाई निष्पक्ष, अवलोकनमा आधारित र सुधारमुखी बनाउने सीप विकास गर्नु अनिवार्य छ । जसअन्तर्गत उनीहरूले विद्यार्थीलाई निरन्तर र स्पष्ट प्रतिक्रिया दिनु, व्यक्तिगत भिन्नतालाई सम्मान गर्नु र सिकाइलाई केन्द्रमा राखेर शिक्षण विधि अनुकूलन गर्नु आवश्यक हुन्छ ।

*-रातोपाटी डटकम*

# खुला आकासमुनिको 'ट्युसन' कक्षा !



पिपलको छहारीमुनि बिछ्याइएका प्लास्टिकका म्याट र बोरा । पिपलको रुखमा अड्याइएको बोर्डमा लेखिएको छ 'श्री पिपलबोटे खुला विद्यालय ।! जहाँ नर्सरीदेखि कक्षा ७ सम्म पढ्ने ३०-३५ जना बालबालिका दिनहुँ बिहान ७:०० बजे किताब, कापी र कलम च्यापेर ट्युसन पढ्न आइपुग्छन् । चन्द्र सर अर्थात् चन्द्र भण्डारीले ती बालबालिकालाई लेखपढमा सहायता गर्छन् । उनी विद्यालयमा पढ्दा नबुझेका पाठ बुझाउँछन् । गृहकार्य गर्न सहजीकरण गर्छन् । यो दृश्य हो- इटहरीको व्यस्त सडक पूर्वपश्चिम राजमार्ग पर्ने इटहरीस्थित टेङ्गा खोलाको किनार छेवैको गल्ली । नामजस्तै यस खुला आकाशमुनि पठनपाठन सञ्चालन हुन थालेको तीन दशक बढी भइसकेको छ । पिपलको रुखमुनि निरन्तर सिकाइ गतिविधि सञ्चालन गर्दै आएको हुनाले 'पिपलबोटे खुला विद्यालय! नाम दिइएको छ । तर, यो दर्ता गरिएको औपचारिक विद्यालय वा शैक्षिक केन्द्र भने होइन, भण्डारीको व्यक्तिगत पहल, अदम्य इच्छाशक्ति र समपर्णले गर्दा निरन्तरता पाएको शैक्षिक अभियान हो । उनले विपन्न, गरिब तथा सीमान्तकृत समुदायका बालबालिकालाई नि:शुल्क शिक्षा प्रदान गर्दै आएको योगदानस्वरुप छरछिमेकमा सबैले 'चन्द्र सर ! भन्ने गर्छन् ।

**सैर्षले सिकाएको सेवा**

सुनसरीको छिमेकी जिल्ला धनकुटाको कागते-६ मा बुबा श्रीकान्त भण्डारी र आमा मनमाया भण्डारीको कोखबाट २०२२ सालमा जन्मिएका चन्द्र भण्डारी चार सन्तानमध्ये कान्छा छोरा हुन् । सामान्य परिवारमा जन्मिएर हुर्किएका उनले बाल्यकालमै अभाव र सैर्ष झेले । गुजाराको खोजीमा आमाबाट रु ५० खर्च लिएर उनी २०४४ सालमा इटहरी झरेका थिए । इटहरीमा दाजु आफन्त पर्नेहरूसँग ग्यारेजमा मेसिन बनाउने काम थाले । केही समयपछि एक साथीसँग मिलेर हटिया बजारमा थानको कपडाको व्यापार गरे । तर करिब छ महिनामै त्यो व्यापार बन्द भयो । कपडा व्यापारमा सफलता नमिलेपछि बाँसको व्यापारमा लागे । विसं २०५१ देखि उनले टेङ्गाखोला नजिकै बाँसको व्यापार सुरु गरेका थिए । धरानको पानमारा, मोरङको केराबारी र धनकुटाबाट त्यसबेला रु २० देखि २३ मा किनिएका बाँस रु २५ मा बिक्री हुने गर्थ्यो, दुई रुपैयाँ नाफा हुन्थ्यो । बाँस खरिद गरेर सुनसरीका विभिन्न स्थान शान्तिझोडा, तरहरा, इटहरीलगायत ठाउँमा बिक्री गर्दै उनले आफ्नो व्यवसाय विस्तार गरे । यही क्रममा स्कुल जाने उमेरका बालबालिका बाँसका चाङ वरिपरि धुलोमाटोमा खेल्दै गरेको उनले देखे । "उनीहरूका बाआमालाई छोराछोरी पढाउनुपर्छ भन्ने चेतना सायदै थियो," उनी सम्झन्छन्, "मलाई भने गरिबी र अभावले पढाइ अधूरै छाड्नुपरेको बाल्यकालको झल्को आयो ।" त्यसपछि उनले बालबालिकालाई भेला गरेर पढाउने निधो गरे । सुरुमा उनले त्यहाँ आउने १० जना बालबालिकालाई भेला गरेर बिहान र बेलुका दुईदेखि तीन घण्टा नि:शुल्क ट्युसन पढाउन सुरु गरे । "मलाई लाग्थ्यो बालबालिकालाई अक्षर चिनाएपछि स्कुल जाने बाटो पक्कै खुल्छ, यही बाँसको व्यापारले जीवनको सबैभन्दा ठूलो उद्देश्य पनि देखायो अनि बालबालिकाको पीडाले खुला विद्यालय पनि जन्मियो," चन्द्र भन्छन् ।

**विपन्न परिवारका बालबालिकालाई भरोसा**

चन्द्रको यो प्रयास विस्तारै फैलिँदै गयो । स्थानीय समुदायमा चर्चा बढ्दै जाँदा विद्यार्थी थपिँदै गए । पहिला खोलाकिनारमा सानो कटेजजस्तो टहरो थियो, त्यही टहरोमा बालबालिकालाई राखेर ट्युसन पढाउने चाँजोपाँजो मिलाइएको थियो । बिहान र बेलुका गरी ४० देखि ५० जना बालबालिका पढ्न आउँथे । तर २०६० सालमा उक्त कटेज भत्किएपछि उनले कक्षा खुला आकाशमुनि नै पढाउँदै आएका छन् । भण्डारी सम्झन्छन्, "कटेज भत्किए पनि बालबालिकामा पढ्ने चाहना थियो, उनीहरूले घरबाट बोरा ल्याएर भुइँमा बिछ्याएर सिकाइ माग्न थाले । सुविधा केही थिएन, तर पढ्ने चाहना देखिन्थ्यो," उनी भन्छन् । बर्खामासको भेलबाढी होस् वा हिउँदको सुक्खा खडेरी, टेङ्गाखोलाको धमिलो पानी, बर्खामा आउने बाढी, कहिले सुक्खा यी सबै चुनौतीबीच पनि चन्द्र भण्डारीको ट्युसन कहिल्यै रोकिएन । न कुनै अवरोधले रोकेको छ, न उनलाई कहिल्यै अल्छी लागेको छ । बालबालिकालाई ट्युसन पढाउन उनले छाडेनन् । कोभिड-१९ महामारीका बेला देशभर बन्दाबन्दी चल्दासमेत उनले हार मानेनन्, घरबाटै अनलाइन कक्षा सञ्चालन गरे । कोभिड-१९ पछि विद्यार्थी घट्दै गए । अहिले चन्द्रले दैनिक ३० देखि ३५ जना बालबालिकालाई नियमित ट्युसन पढाउँदै आएको बताए । विपन्न परिवारका बालबालिकाका लागि विद्यालयको शिक्षाको अलवा थप सिक्ने अवसरको केन्द्र बनेको छ । यहाँ आउने अधिकांश बालबालिका मकै पोलेर बेच्ने, बदाम बेच्ने, जुत्ता पालिस गर्ने, रिक्सा चलाउने श्रमिक परिवारका छोराछोरी हुन् । मध्यम र उच्च वर्गका केही बालबालिका पनि यहाँ पढ्छन् । भण्डारी ट्युसन पढाउनमा मात्र सीमित छैनन् । उनले जन्मदिनको अवसर पारेर पढ्न आउने बालबालिकालाई कापी, कलम र पुस्तक उपहार दिने गर्छन् । कतिपय सहयोगी हातहरू पनि शैक्षिक सामग्री र लत्ताकपडाको सहायता लिएर आइपुग्ने गर्छन् । सिकाइका अतिरिक्त शैक्षिक सामग्री तथा लत्ताकपडा उपहार र सहायताले बालबालिकालाई हौसला थप्ने गरेको छ । भण्डारी भन्छन्, "बालबालिकालाई सिकाउने व्यवस्थित ठाउँको अभाव खड्किएको छ, घामपानी छल्ने एउटा व्यवस्थित स्थानमा राखेर पढाउन पाए अझ राम्रो हुन्थ्यो ।"

**सेवाको कदर**

चन्द्र भण्डारीको स्व:स्फुर्त सेवाभावको कदर गर्दै झन्डै हजारौँ सैसंस्थाले सम्मान गरेका छन् । झापा दमकको 'पढ्ने घर! संस्थाले २०७१ सालमा पहिलोपटक सम्मान गरेको थियो । त्यसपछि विभिन्न सैसंस्था, विद्यालय र कलेजबाट दर्जनौँ सम्मान र अवार्ड पाइसकेका छन् । दीर्घकालीन सेवाको कदर गर्दै भण्डारीलाई प्रतिष्ठित 'युएसए-नेपाल ह्युमानिटेरियन सर्भिस अवार्ड २०१७! प्रदान गरिएको थियो । विपन्न वर्गका बालबालिकालाई लक्षित गरी नि:शुल्क ट्युसन शिक्षणमार्फत पुर्‍याएको योगदानको कदर गर्दै २०७२ सालमा इटहरीस्थित सेक्रेड हार्ट इङ्लिस स्कुलको २०औँ वार्षिकोत्सवका अवसरमा भण्डारीलाई सम्मान गरिएको थियो । यस्तै मानवअधिकार तथा शान्ति समाजले नगदसहित सम्मान गरेको छ । जनता बहुमुखी क्याम्पस इटहरीले पनि उनको कार्यलाई उदाहरणीय ठान्दै सम्मानपत्र प्रदान गरिसकेको छ । कोशी प्रदेशकै सबैभन्दा ठूलो मानिने नयन मिडिया फाउन्डेसनद्वारा सञ्चालित प्रदेश खबर डटकमको वार्षिकोत्सवका अवसरमा प्रदान गरिँदै आएको 'कोशी एक्सिलेन्स अवार्ड ! बाट २०८१ सालमा उनलाई सम्मान गरिएको थियो । त्यसैगरी, कस्तुरी एकेडेमी इटहरीले आफ्नो १८औँ वार्षिकोत्सवका अवसरमा उनलाई सम्मानपत्र प्रदान गरेको थियो । भण्डारीका लागि यी सम्मान केवल कागजमा लेखिएका शब्द मात्र होइनन्, ती सबै उनीप्रतिको समाजको भरोसा र माया हुन्, जसले उनलाई अझै अघि बढ्न प्रेरित गरिरहेको छ । भण्डारी भन्छन्, "कर्म गर्नु मेरो कर्तव्य हो, फलको आश गरेको छैन । मैले जीवनमा गर्नुपर्ने यसबाहेक अर्को कुनै उन्नत काम देखेको छैन । मलाई अहिलेसम्म हजारौँ सैसंस्थाले सम्मान प्रदान गरेका छन् ।" "ती सम्मानहरूले झन् जिम्मेवारीबोध गराएको छ, जहिलेसम्म सक्छु स्वास्थ्यले साथ दिएसम्म बालबालिकालाई पढाउने, सिकाउने कर्म गरिरहन्छु ।" उनका लागि यो नि:शुल्क शिक्षा दिनु पेसा नभएर जीवनको उद्देश्य र आत्मसन्तुष्टिको स्रोत बनेको छ । यही नि:स्वार्थ भावनाले उनलाई तीन दशकभन्दा बढी समयदेखि यही एउटै ठाउँमा उभ्याइरहेको छ । भण्डारी भन्छन्, "दु:खसुख तीन दशकभन्दा बढी समय यसरी नै बिताएँ । म खुसी छु, पढ्न आउने बालबालिका पनि खुसी छन् ।" यही खुसीले उनलाई हरेक दिन फेरि पिपलको छहारीमुनि उभिन प्रेरित गरिरहेको छ । शैक्षिक र सामाजिक सचेतनाको संवाहकका रूपमा भण्डारी परिचित छन् । उनले पढाएका विद्यार्थी हाल कोही उच्चशिक्षा र रोजगारीका सिलसिलामा अमेरिका पुगेका छन् भने कोही नेपालमै विभिन्न पेसा, व्यवसायमा संलग्न छन् ।

**श्रीमती र छोराहरूको भर**

एसएलसीसम्मको मात्र पढाइ पूरा गरेका भण्डारीले आफूले चाहेजति पढ्न नपाए पनि श्रीमती सावित्री र छोराहरूलाई पढ्ने वातावरण बनाएर आृनो रहर पूरा गरिरहेका छन् । चन्द्र भण्डारीको खुला विद्यालय र श्रीमती सावित्रीसँगको वैवाहिक जीवनको उमेर बराबरी छ । आफूले उच्च शिक्षा पढ्न नपाएर पनि चन्द्रले श्रीमतीलाई पढ्न प्रेरणा दिए, हौसला दिए । विवाह गर्दा एसएलसी मात्र उत्तीर्ण गरेकी सावित्रीले विवाहपछि नै पढाइलाई निरन्तरता दिँदै स्नातकोत्तर पूरा गरिन् । उच्च शिक्षा हासिलसँगै उनी अहिले इटहरीकै एक निजी विद्यालयमा पढाउँछिन् । त्यही आम्दानीबाट परिवारले घरको गुजारा चलाउँदै आएको छ । चन्द्र-सावित्रीका छोरा उत्तम र उत्सव अहिले स्नातकोत्तरमा अध्ययनरत छन् ।

*-रासस*

# सातामा दुई दिन बिदा दिने सरकारको निर्णय



**पाल्पा,** चैत २२/सरकारले सातामा दुई दिन विदा दिने निर्णय गरेको छ । आइतबार दिउँसो बसेको मन्त्रिपरिषद् बैठकले सोमबारदेखि लागू हुने गरी सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने निर्णय गरेको हो ।

पेट्रोलियम पदार्थ आपूर्तिमा उत्पन्न असहज अवस्थाका कारण सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने निर्णय गरिएको सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए ।

साथै शैक्षिक संस्थाबाहेका कार्यालयहरूमा कार्यालय समय ९ बजेदेखि ५ बजे रहने पनि उनले जानकारी दिए । बैठकले डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा रूपान्तरण गर्न आवश्यक कानुनी व्यवस्था गर्ने समेत निर्णय गरेको छ । इरान र अमेरिका-इजरायल युद्धका कारण नेपालमा पनि इन्धन संकट देखिन थालेको छ । साथै पछिल्लो समय पेट्रोलियम पदार्थमा समेत भारी मूल्यवृद्धि भएको छ । पछिल्लो समय पेट्रोलको भाउ प्रतिलिटर २ सय २ रुपैयाँ पुगिसकेको छ । यस्तै बैठकले आगामी शैक्षिक सत्र वैशाख १५ गतेदेखि सुरू गर्ने निर्णय गरेको छ । यसअघि शैक्षिक सत्र वैशाख २ गतेदेखि सुरू हुने गरेको थियो ।

# स्वास्थ्य शिविरबाट एक हजार तीन सय लाभान्वित



**गुल्मी,** चैत २२/ गुल्मी जिल्लाको मालिका गाउँपालिका-७ घमिरमा शनिबार सञ्चालन गरिएको नि:शुल्क औषधिसहितको बृहत् स्वास्थ्य शिविरबाट एक हजार ३ सय नागरिक लाभान्वित भएका छन् ।

खेलकुद तथा सांस्कृतिक युवा क्लबको आयोजना तथा वडा कार्यालयको समन्वयमा घमिर स्वास्थ्यचौकीमा उक्त शिविर सञ्चालन गरिएको थियो । क्लबका सचिव गोविन्द कार्कीका अनुसार शिविरमा एक सय ३८ जनाले 'भिडियो एक्सरे' तथा एक सय पाँच जनाले 'इसिजी' गराएका थिए । त्यस्तै, मधुमेह, रक्तचाप, थाइराइड, बाथ, दम, पेट, छाती तथा मुटुरोग, महिला तथा स्त्रीरोग, हाडजोर्नी, आँखा तथा नाक, कान, घाँटीसम्बन्धी रोगको विशेषज्ञ सेवा पनि उपलब्ध गराइएको थियो । शिविरमा चिकित्सकहरू डा.रमेश अर्याल, डा. सुनिल सुनार, डा. सुमन आचार्य, डा. सन्तोष बस्नेत, डा. विजय पाण्डे, डा. आशिष भुर्तेल र डा. सन्तोष पाण्डेलगायतले बिरामीको स्वास्थ्य परीक्षण गर्नुका साथै बिरामीलाई परामर्श दिएका थिए । आयोजक संस्थाका सल्लाहकार मनोज कार्कीले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पहुँच अझै सीमित रहेकाले यस्ता शिविरले स्थानीयवासीलाई ठूलो राहत पुगेको बताए । "गाउँमै आएर विशेषज्ञ सेवा लिन पाउँदा बिरामीलाई समय र खर्च दुवै बचत भएको छ, यसबाट स्थानीय पनि निकै खुसी हुनुभयो", उनले भने । शिविरमा सेवा लिएकी स्थानीय महिला पुतली कार्कीले गाउँमै विशेषज्ञ डाक्टरबाट सेवा लिन पाउँदा आफूलाई निकै खुसी लागेको बताइन् । "बिरामी हुँदा सामान्य जाँच गर्न पनि सदरमुकाम जानुपर्थ्यो, आज गाउँमै सबै सेवा लिन पाइयो, यस्ता प्रकारका शिविर बेलाबेलामा ल्याउनुपर्छ", उनले भनिन् । पछिल्लो समयमा जिल्लामा स्थानीय पालिका र सैसंस्थाले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न यस्ता प्रकारका शिविरलाई निरन्तरता दिँदै जान थालेका छन् ।--- *रासस*

## खेलकुद समाचार

# आईपीएल क्रिकेटमा राजस्थान र दिल्ली विजयी



**काठमाडौं,** चैत २२/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा राजस्थान रोयल्सले गुजरात टाइटन्सलाई हराएको छ । शनिबार राति अहमदाबादमा भएको खेलमा राजस्थान ६ रनले विजयी भएको हो । राजस्थानले दिएको २११ रनको लक्ष्य पछ्याएको गुजरातले पूरै ओभर खेल्दै ८ विकेट गुमाएर २०४ रन मात्र बनाउन सक्यो । त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको राजस्थानले २० ओभरमा ५ विकेट गुमाएर २१० रन बनाएको थियो । राजस्थानका लागि ध्रुव जुरेलले सर्वाधिक ७५ रन बनाए । लगातार दोस्रो जित निकालेको राजस्थान ४ अंकसहित शीर्ष स्थानमा छ । लगातार दोस्रो हार बेहोरेको गुजरात अंकविहीन रहँदै सातौं स्थानमा छ । यसअघि भएको अर्को खेलमा दिल्ली क्यापिटल्सले मुम्बई इन्डियन्सलाई ६ विकेटले पराजित गरेको छ । मुम्बईले दिएको १६३ रनको लक्ष्य दिल्लीले १८ ओभर १ बलमा ४ विकेट गुमाएर पूरा गर्‍यो । टस हारेर पहिला ब्याटिङ गरेको मुम्बईले २० ओभरमा ६ विकेट गुमाएर १६२ रन बनाएको थियो । लगातार दोस्रो जितसँगै ४ अंक जोडेको दिल्ली दोस्रो स्थानमा छ । पहिलो हार बेहोरेको मुम्बई छैटौं स्थानमा छ ।


**वर्गिकृत डिस्प्ले**

*१X५ साइजमा मात्र*

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# नेप्सेमा उच्च गिरावट



**पाल्पा,** चैत २२/ नेप्से परिसूचक उच्च अंकले घटेर बन्द भएको छ । साताको पहिलो कारोबार दिन आइतबार नेप्से परिसूचक एक सय पाँच दशमलव ५० अंकले घटेर २ हजार ६ सय ७६ दशमलव ६८ विन्दुमा झरेको हो ।

अघिल्लो दिनको तुलनामा ३ दशमलव ७ सय ९० प्रतिशतले घटेर समग्र नेप्से २ हजार ६ सय ७६ दशमलव ६८ अंकमा ओर्लेको छ । कारोबारमा आएकामध्ये ७ कम्पनीको मूल्य बढ्यो भने २६१ कम्पनीको घटेको छ । आइतबार कुल १ लाख ४१ हजार ३६ पटकको सेयर किनबेचमा ३ करोड १२ लाख ६ हजार १ सय ६२ कित्ता सेयर खरिदबिक्री भए । ती किनबेचमा १२ अर्ब ३८ करोड ९ लाख रुपैयाँको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनाका कारोबार रकम बढेको हो । गत बिहीबार सेयर बजारमा ८ अर्ब ८१ करोड ९७ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो । सो दिन कारोबारमा आएका १३ वटा उपसमूहमध्ये सबैको परिसूचक घटेपछि समग्र नेप्से १०५ अंकले घटेको हो ।


**बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं ।**

-लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
-बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
-बालबालिकाको संगतमा ध्यान दियौं,
-लागूऔषधबाट हुने हानि र कानूनी परिणामको बारे मा जानकारी दिऔं,
-बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
-बालबालिकालाई घरमा माया र समय दिने गरौं,
-विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
-बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोतसाहन गरौं,

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति : २०८२/१२/२३**

गोपीनाथ खनालको नाति, केशव राज खनालको छोरा, सरस्वती खनालको पति पाल्पा जिल्ला, माथागढी गा.पा, वडा नं ०१ बस्ने कृष्ण प्रसाद खनालको मिति २०८२/११/२० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको कुमारी बैंक लिमिटेड पाल्पा शाखामा रहेको बचत खातामा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा नाता पर्ने व्यक्तिले यस बैंकको पाल्पा शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर उल्लेखित दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय पाल्पा वा रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रितपुर्वक हकदावी नपरेमा सोउपर कुनै कारवाही नहुने वा तोकिएको अवधिभित्र हकदावी सम्बन्धी विवाद सिर्जना भएमा प्रचलित कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED

**कुमारी बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय, टंगाल, काठमाडौं


**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई